बेलौरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर

पत्र संख्या : २०७८/०७९

चलानी नं.:

सुदुरपश्चिम प्रदेश, नेपाल

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना

प्रस्तुत सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमले **श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८** मा भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्ष २०७८/०७९को कार्ययोजना रहेकोले प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट बन्चित, महिला, आंदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम स्थानीय तहमा **"न्यूनतम रोजगार, नागरिकको अधिकार"** सम्बन्धी अभियान रहेको विदितै छ, सोहि उद्देश्य पुरा गर्न **आगामी आ.ब. २०७९/०८०** का लागि न्युनतम रोजगारीमा आवद्ध हुन चाहने तथा सार्वजनिक विकास निर्माणका क्षेत्र काम गर्न ईच्छुक **१८ बर्ष देखि ५९ वर्ष उमेर** समूहका बेरोजगार व्यक्तिहरुले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा **२०७८ फागुन मसान्त सम्म** अनुसूचि-१ अनुसारको निवेदन फारम भरी सूचिकृत हुन सबै सरोकारवाला निकाय तथा व्यक्तिहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

| | |
|---|---|
| १. नेपाली नागरिकताको फोटोकपी | १ प्रति |
| २. पासपोर्ट साइजको फोटो | १ प्रति |
| ३. बसाईसराई गरि आएको हकमा, बसाइसराइको प्रमाणपत्रको फोटोकपी | १ प्रति |
| ४. परिवारका सबै सदस्यहरुको नागरिकता/जन्मदर्ताको प्रतिलिपि | १ प्रति |

**नोट :- फारममा उल्लेखित सम्पुर्ण विवरणहरु(परिवारका सदस्यहरुको समेत सबै विवरणहरु) अनिवार्य रुपमा भर्नुपर्नेछ। अधुरो भरि आएको फारम मान्य हुने छैन। स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**

**थप जानकारीको लागि**
**रोजगार सेवा केन्द्र, बेलौरी.न.पा.**
**बेलौरी, कञ्चनपुर**
**सम्पर्क न. ०९९-५८०४७७**

२०७८/११/०१

नि.प्रमुख प्रशासकीय अधिकृत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आफू स्थायी बसोवास गरेको वडा कार्यालयमा वा स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमा फागुन महिना भरी आ.व. २०७९/०८० को लागि निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

### बेरोजगार व्यक्ति सूचिकरणसम्बन्धी व्यवस्था

(क) १८ देखि ५९ वर्ष उमेर समूहको हुनु पर्ने,

(ख) निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु. ५७,७००/-) भन्दा कम आय भएको हुनु पर्ने,

### सूचीकरण प्रक्रिया

(क) रितपूर्वक प्राप्त आवेदनलाई वडा कार्यालयले छानविन गरी बेरोजगार ठहर हुने सबै मापदण्ड पुरा गरेको प्रमाणित गर्नु पर्ने ।

(ख) प्राप्त प्रमाणित निवेदनलाई स्थानीय निर्देशक समितिले थप छानविन गरी बेरोजगार व्यक्तिको अन्तिम सूची गाउँ कार्यपालिका / नगर कार्यपालिकाबाट स्वीकृतिको लागि सिफारिस गर्नु पर्ने।

(ग) कार्यपालिकाले आवश्यक भए थप परिमार्जन समेत गरी बेरोजगार व्यक्तिको अन्तिम सूची स्वीकृत गर्नु पर्ने

(घ) स्थानीय तहले बेरोजगार व्यक्तिको व्यक्तिगत विवरणलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरे पछि मात्र बेरोजगार व्यक्तिको अन्तिम सूची कायम हुने, साथै प्राप्त हुन आएका नयाँ निवेदन तथा बेरोजगार व्यवस्थापन सूचन प्रणालीसँग भिडाई आधिकारीक विवरण प्राथमिकतासाथ अन्तिम सूची निर्धारण गर्ने ।